# कम्प्युटर एशोसिएशन नेपाल महासंघको

## निर्वाचन समितिको कार्यालय, काठमाण्डौद्धारा जारी गरिएको

## निर्वाचन आचार संहिता

१ उम्मेदवारको मनोनयन पत्रमा साधारण सभाको प्रतिनिधि/मतदाताले मात्र उम्मेदवारी दिन वा प्रस्तावक वा समर्थक वस्न पाउने छ। एक जना व्यक्तिले एक भन्दा बढी पदमा उम्मेदवारी दिन वा प्रस्तावक वा समर्थक वस्न पाउने छैन । उम्मेदवार जुन प्रदेश वा संस्थागत समूह वा व्यक्तिगत समूहको हुनुहुन्छ, प्रस्तावक वा समर्थक पनि सोही प्रदेश वा संस्थागत समूह वा व्यक्तिगत समूहको हुनु पर्नेछ ।

२ उम्मेदवारको लागि १(एक) कार्यकाल भन्नाले विधान बमोजिम कार्यसमितिको तोकिएको कार्य अवधी पुरा गरेको हुनु पर्नेछ भन्ने बुझाउने छ । कुनै पदमा निर्वाचित पदाधिकारीले वीचमै पद छोडेमा वा बाँकी अवधीको लागि नयाँ नियुक्त भएमा त्यस्तो व्यक्तिले १(एक) कार्यकाल पुरा गरेको मानिने छैन ।

३ **प्रथम चरणको निर्वाचन प्रयोजनको लागि :**

- **अध्यक्ष पदमा** उम्मेदवारी दिने व्यक्तिले **कम्तिमा एक कार्यकाल कार्यसमितिको पदाधिकारी भई कार्यकाल पुरा गरेको हुनुपर्ने** ।
- **सम्पूर्ण पदहरुमा** उम्मेदवारी दिनकम्तिमा ३(तीन) बर्ष महासंघ वा मातहतका निकायको अविच्छिन्न सदस्य भएको हुनुपर्ने ।
- **प्रादेशिक सदस्यमा**उम्मेदवारी दिनएउटा जिल्लाको बढीमा १ जनाको प्रतिनिधित्व हुने गरी प्रत्येक प्रदेशमा २ जनाको दरले १४ वटा पदको लागि निर्वाचन हुनेछ । यसमा उम्मेदवारी, प्रस्तावक, समर्थक र मतदाता सम्बन्धित प्रदेशकै हुनेछन ।
- **संस्थागत सदस्यमा** १० वटा पदको लागि निर्वाचन हुनेछ । यसमा उम्मेदवारी, प्रस्तावक, समर्थक र मतदाता सम्बन्धित संस्थागत सदस्य समूह कै हुनेछन । जसमा साधारण संस्थागत सदस्य समूहबाट ७ जना र आजिवन संस्थागत सदस्य समूहबाट ३ जना निर्वाचित हुनेछन ।
- **व्यक्तिगत सदस्यमा** १० वटा पदको लागि निर्वाचन हुनेछ । यसमा उम्मेदवारी, प्रस्तावक, समर्थक र मतदाता सम्बन्धित व्यक्तिगत सदस्य समूह कै हुनेछन् । जसमा साधारण व्यक्तिगत सदस्य समूहबाट ७ जना र आजिवन व्यक्तिगत सदस्य समूहबाट ३ जना निर्वाचित हुनेछन ।
- **विषयगत सदस्यमा** ४ वटा पदकोलागि निर्वाचन हुनेछ । यसमा उम्मेदवारी, प्रस्तावक, समर्थक र मतदाता सम्बन्धित विषयगत व्यक्तिगत सदस्य समूह कै हुनेछन । यसमा ३ जना मात्र प्रतिनिधि रहेकोले प्रस्तावक समर्थक बस्न १ नं. बुँदा लागु हुने छैन ।

४ **दोश्रो चरणको निर्वाचन प्रयोजनको लागि :**

- **केन्द्रीय कार्य समिति निर्वाचन अन्तरगत :**
  - ✓ केन्द्रीय समितिको पदाधिकारीहरुको चयन सम्बन्धी कार्य विभिन्न समूहबाट निर्वाचित भई आएका सदस्यहरुबाट संसदीय प्रणाली(क्याविनेट प्रणाली) अनुरुप निर्वाचित गरिनेछ ।
  - ✓ **उपाध्यक्ष ४, महासचिव १, सचिव ३, कोषाध्यक्ष १, सहकोषाध्यक्ष १ पदमा** उम्मेदवारी दिन कम्तिमा १(एक) कार्यकाल केन्द्रीय सदस्य भएको हुनुपर्ने ।
  - ✓ **उपाध्यक्ष पदमा** प्रत्येक व्यक्तिगत समूहबाट १ जना, संस्थागत वा विषयगत समूहबाट १ जना, जिल्ला शाखाहरुबाट १ जना, र महिला सदस्यहरुबाट १ जना निर्वाचित हुनेछन्। अतः उम्मेदवारहरु मध्येबाट यो संख्या र प्रतिनिधित्वलाई प्राथमिकता दिई निर्वाचन गरिने छ ।

- ✓ **सचिव पदमा** प्रत्येक व्यक्तिगत समूहबाट १ जना, संस्थागत वा विषयगत समूहबाट १ जना र जिल्ला शाखाहरुबाट १ जना निर्वाचित हुनेछन्। अतः उम्मेदवारहरु मध्येबाट यो संख्या र प्रतिनिधित्वलाई प्राथमिकता दिई निर्वाचन गरिने छ।
- ✓ **सदस्य २८ पदमा** उम्मेदवारी दिन जिल्ला शाखाबाट आउनेले कम्तिमा १(एक) कार्यकाल जिल्ला शाखाको अध्यक्ष भएको भएको हुनुपर्ने र अन्य समूहबाट आउनेले कम्तिमा ३(तीन) बर्ष महासंघको अविच्छिन्न सदस्य भएको हुनुपर्ने।

- **प्रदेश महासंघ कार्य समिति निर्वाचन अन्तरगत :**
  - ✓ **अध्यक्ष १ पदमा** सम्बन्धित प्रदेशको जिल्ला शाखा अध्यक्षहरुले मात्र उम्मेदवारी दिन सक्नेछन्। त्यस्तो उम्मेदवारले कम्तिमा १(एक) कार्यकाल जिल्ला शाखाको अध्यक्ष भएको हुनुपर्नेछ।
  - ✓ **उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ पदमा** उम्मेदवार हुन कम्तिमा १(एक) कार्यकाल जिल्ला शाखाको पदाधिकारी भएको हुनुपर्ने (दफा १९ घ)।
  - ✓ **सदस्य पदमा** ... हुन कम्तिमा १(एक) कार्यकाल जिल्ला शाखाको पदाधिकारी भएको हुनुपर्ने (दफा १९ घ)।

५ निर्वाचन समय र कार्यक्रम परिवर्तन वा परिमार्जन गर्ने एकाधिकार निर्वाचन समितिलाई हुनेछ।

६ आफुले मतदान गर्न चाहेको उम्मेदवारको दाहिने तर्फको कोठामा √ चिन्ह लगाई मतदान गर्नुपर्नेछ। तोकिएको कोठाभन्दा बाहिर चिन्ह लगाएमा स्वतः सो मतपत्र बदर हुनेछ।

७ प्रत्येक पदमा तोकिएको पदसंख्या भन्दा बढी कोठामा √ चिन्ह लगाएमा मतपत्र बदर हुनेछ।

८ मतदान गर्ने कोठामा तोकिएको चिन्ह बाहेक अन्य चिन्ह वा संकेत गरिएको मतपत्र बदर हुनेछ।

९ मादक पदार्थ सेवन गरी मतदान स्थलमा प्रवेश गर्न पाइने छैन।

१० मतदान कक्षभित्र बोलेर, इशारा गरेर वा अन्य कुनै पनि संकेतबाट मतदातालाई प्रभाव पार्न पाइने छैन।

११ मतगणनाको समयावधिमा मतगणनाका लागि तोकिएको स्थानमा निर्वाचन समितिको सहमति बेगर उमेदवार वा निजका बढीमा १ जना प्रतिनिधि(मतदाता भएको व्यक्ति) बाहेक अन्य व्यक्ति प्रवेश गर्न पाइने छैन।

१२ निर्वाचन समितिबाट निर्वाचन प्रयोजनका लागि जारी भएका सूचना च्यात्न, केरमेट गर्न वा परिवर्तन गर्न पाइने छैन।

१३ मतदाताको बारेमा कुनै शंका भएमा निर्वाचन समितिले परिचय खुल्ने कागजात माग गर्न सक्नेछ। माग गरे बमोजिमको कागजात पेश गर्न नसकेमा वा शंकास्पद कागजात पेश भएमा निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ।

१४ निर्वाचन र मतगणना सम्बन्धमा अन्य कुनै विवाद भएमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ।

मिति : २०७४।०५।०६
समय

सही :-.....................
सुरेश कुमार रेग्मी
प्रमुखनिर्वाचन अधिकृत